

के तपाईंको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २१४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० साउन ३१ गते बुधबार ❑ 16 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## मुस्ताङको कागवेनीमा सफाई अभियान सुरु

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन

मुस्ताङको बारागुङ मुक्ति क्षेत्र गाउँपालिका ४ मा पर्ने कागबेनी बस्तीका प्रभावित घर परिवारलाई राहत सामाग्रि दिन सुरु भएको छ । बाढीबाट प्रभावित घर परिवारलाई नेपाल रेडक्रस सोसाइटीबाट अत्यावसेक केही बस्तुहरु उपलब्ध गराइएको मुस्ताङका प्रमुख जिल्ला अधिकारी अनुप केसीले बताए ।



गण्डकी प्रदेश सरकारले पठाएको डिजेल समेत बैकल्पिक सडक मार्ग हुदै मंगलबार कागवेनीमा पुगेको उनले जनाए । प्रदेश सरकारले उपलब्ध गराएको ३ हजार लिटर डिजेलले ५ दीनसम्म विभिन्न मेसिनहरु प्रयोग गर्न मिल्ने उनको भनाई छ । गण्डकी प्रदेश सरकारले घोषणा गरेको राहत सामाग्रि सहित गृह मन्त्रालयबाट प्रदान गरिने राहत सामाग्री समेत बुधबार कागवेनी आउने भएको प्रजिअ केसीले उल्लेख गरे । म्याग्दीको वैतरीबाट सानो सवारी साधनहरु ट्र्याक्टरसम्म चल्न सक्ने भएकोले ट्र्याक्टर मार्फत उक्त डिजेल कागवेनी पुगेको हो ।

आंशिक क्षेती भएका घर तथा भवनबाट लेदो सहितको फोहोर हटाउने कार्य समेत सुरु भएको छ । कागवेनी बस्तीको केही घरमा लेदो सहितको बाढीले आंशिक क्षेती पुगेकोले त्यसको सफाई अभियान मंगलबारदेखि सुरु गरिएको प्रमुख जिल्ला अधिकारी केसीले बताए । मंगलबार दुई वटा जेसिभिको सहायताले कागवेनी खोलालाई केही भाग गहिरो बनाउदै खोलाको ट्र्याक बनाउने काम समेत भएको उनले बताए । स्थानिय, सुरक्षार्थ तीन वटै अंग नेपाल पुलिस, नेपाली सेना र शसस्त्र प्रहरी वलको टिम सहित उक्त सफाई अभियामना जुटेको प्रजिअ केसीले बताए । अत्याधिक लेदो सहितको माटो घर तथा भवनहरुको आधार भागसम्म पुर्‍ने गरी ढाकिएकोले अझै केही सातासम्म सफाई गर्न समय लाग्न सक्ने उनको भनाई छ ।

मुस्ताङको कागवेनीसम्म जाने सडक अर्न्तगत म्याग्दी खण्डको वैतरीमा केही दिनदेखि ठुलो पहिरो गएका कारण सडक अबरुद्ध भएकोले चाहेर पनि उक्त क्षेत्रमा सफाई गर्न ढिलाई हुने प्रजिअ केसीले बताए । पानीको वहाव समेत नघटेकाले गर्दा घटनास्थलमा सफाई गर्न केही कठिनायी भएको उनले जनाए ।

आइतबार बेलुका आएको भलपानी सहितको बाढीबाट कागवेनीको २९ घर तथा भवन पूर्ण रुपमा क्षति पुगेको प्रजिअ केसीले दाबी गरे । त्यसै गरी १३ घरमा आशिंक क्षति, ९ गोठमा पूर्ण क्षति, दुई पाङ्ग्रे सवारी साधन ९ वटा पूर्ण क्षती, ठुलो सवारी साधन २ वटा, पशु चौपाय लगायको क्षति भएको उनले जनाए । क्षतिको पूरा विवण हाल संकलन गर्न सुरु गर्ने उनले जनाए । प्रहरी चौकी कागवेनी, बारागुङमुक्तिक्षेत्र गाउँपालिका वडा नम्बर ४ को कार्यालय, कागवेनी आश्रम, एनआईएमबी बैंक रहेको भवन तथा प्रभु बैंक रहेको भवन, काग छेदे गुम्बा, पक्की पुल, होटल

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गुरुङ समुदायले मनाए ट्होटें पर्व

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन



तमु (गुरुङ) समुदायको मौलिक तथा सांस्कृतिक पर्व ट्होटें पर्व पोखराका गुरुङ समुदायले मनाएका छन् ।

तमु धिं नेपालको आयोजनामा मङ्गलबार बृहत् र्‍यालीसहित उनीहरूले पोखरामा ट्होटें पर्व मनाएका हुन् । हरेक वर्षको साउन र चैतको अन्तिममा मनाउने पर्व यो वर्ष पनि विविध कार्यक्रम गरी मनाइएको तमु धिं नेपालका महासचिव जुनाकुमारी गुरुङले जानकारी दिनुभयो । विगतमा आफ्नो ट्हो (राज्य) सुरक्षाका लागि मनाउने पर्व परिमार्जित स्वरूपमा पोखरामा मनाइएको महासचिव गुरुङले बताउनुभयो । उहाँका अनुसार उक्त पर्व वर्षमा उभौली र उधौली गरी दुइपटक मनाइने प्रचलन छ ।

"गण्डकीलगायत विभिन्न प्रदेशबाट पोखरामा बस्दै आएका गुरुङ जातिको महान चाड हो", गुरुङले भन्नुभयो, "वर्षको साउन र चैत महिनाको दुई वटा मङ्गलबारमा ट्होटें मनाउँदै आएका छौं । यो परिवर्तित समयानुसार मनाएको छौं । यसले हाम्रो आफ्ना संस्कृति जगेर्नामा महत्त्वपूर्ण सहयोग हुने हाम्रो विश्वास छ ।"

पहिले गाउँ बस्ती, राज्य सुरक्षाका लागि खेल्दै आएको ट्होटें अहिले गुरुङको पहिचान स्थापितका गर्नका लागि ट्होटें खेल्ने गरेको तमु धि नेपालका अध्यक्ष हुमबहादुर गुरुङले बताउनुभयो । उहाँका अनुसार तमु धिंले २०५२ सालदेखि सामूहिकरूपमा ट्होटें मनाउँदै आएको छ । कार्यक्रममा पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवीले ट्होटेंसहित ल्होसारमा महानगरपालिकाले साथ दिने बताउनुभयो । "विगतमा पनि तमु धिंसँग केही सहकार्य र सहयोग गरेका थियौं", उपप्रमुख गुरुङले भन्नुभयो, "आगामी दिनमा अझै प्रभावकारीरूपमा सहकार्य गर्दै जानेछौं ।" तमु (गुरुङ) भाषामा ट्होको अर्थ राज्य वा गाउँबस्ती हुन्छ भने टें को अर्थ राज्यबाट बैरी वा शत्रु धपाउने भन्ने हुन्छ । ट्होटेंको अवसरमा तमु धिं नेपालले मङ्गलबार रानीपौवाबाट ट्होटें र्‍याली महेन्द्रपुल, नयाँबजार हुँदै तमु धिं नेपालको कार्यालयमा पुगेर मूल समारोहमा परिणत भएको थियो ।

## बरामद सुनको तौल ६० किलो ७१६ ग्राम कायम

रासस
काठमाडौं, ३० साउन

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार छली अवैध रूपमा नेपाल भित्रिएको सुनको वास्तविक तौल ६० किलो सात सय १६ ग्राम कायम भएको छ ।

बरामद गरिएको सामानको सुनसहितको कूल तौल एक सय ५५ किलो चार सय ६८ ग्राम भएकोमा नेपाल राष्ट्र बैंकअन्तर्गतको टक्सार महाशाखाले ब्रेकशु, प्याकेजिङ कार्टुनलगायतबाट छुट्र्याएपछिको सुन तौल ६० किलो सात सय ८९ ग्राम कायम भएको थियो । तर मंगलबार उक्त सुन गाल्दा ७३ ग्राम जर्ती काटिएपछि वास्तविक तौल ६० किलो सात सय १६ ग्राम कायम भएको महाशाखा प्रमुख थानेश्वर आचार्यले जानकारी दिनुभयो । रेडी ट्रेडर्सका नाममा हङकङबाट आयात भएको दुईपाँग्रे सवारीको पार्टस् ब्रेक शुभित्र लुकाएर ल्याइएको सुन त्रिभुवन विमानस्थल बाहिरिँदै गर्दा राजस्व अनुसन्धान विभागले यही साउन ३ गते सिनामङ्गल क्षेत्रबाट बरामद गरेको थियो । "हामीले बरामद सुन आज गालिसकेपछि धेरै ठूलो जर्ती गएन । वास्तविक तौल ६० किलो सात सय १६ ग्राम कायम भएको छ", उहाँले भन्नुभयो, "सामान्य रुपले हेर्दा राम्रो गुणस्तरकै सुनजस्तो देखिन्छ । तर वास्तविक गुणस्तर परीक्षण तीन दिनभित्र गरिसक्छौं ।" राष्ट्र बैंकले सुन गालिसके पनि यो प्रकरणको छानबिन प्रक्रिया भने सकिसकेको छैन । गालीसकेको सुन अब के हुन्छ भन्ने विषयमा सरकारले नै निर्णय लिने आचार्यको भनाइ छ । जुनसुकै अवैध सामग्री बरामद भएपछि त्यो स्वतः सरकारको स्वामित्वमा जान्छ र त्यस्तो सामग्री के गर्ने भन्ने विषयमा सरकारले नै निर्णय लिन्छ । सामान्यतः बरामद सुनको तौल र गुणस्तर परीक्षणपछि अन्तर्राष्ट्रिय मूल्यमा पाँच प्रतिशत थप रकम तिरेर सरकारसँग राष्ट्र बैंकले किन्ने गरेको छ ।

सुन तस्करीबारे अनुसन्धान जारी छ । सो सम्बन्धमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी)ले अनुसन्धान गरिरहेको छ ।

## पोखराबाट 'स्कुल ड्रेस'मा एकैदिन हराए तीन बालिका

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन

पोखरामा घरबाट विद्यालय हिँडेका तीन बालिका वेपत्ता भएका छन् । गत साउन १९ गते विद्यालय जान्छु भनी हिँडेका बालिका हराए भएपछि परिवारले खोजीका लागि हारगुहार गरेका छन् ।

पोखरा महानगरपालिका-२ विन्ध्यवासिनीका १४ वर्षीया मनिका, १३ वर्षीया एलिसा र १४ वर्षीया राधिका परियार सम्पर्कविहीन भएका हुन् । तीनै जना बालिका हालसम्म पनि फेला नपरेको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ ।

हराएका बालिकाका आफन्तका अनुसार घरबाट विद्यालय हिँडेका बालिका सो दिन विद्यालय पुगेका थिएनन् । हराएकामध्ये राधिका र मनिका राष्ट्रिय माध्यमिक विद्यालय र एलिसा बरपाटन माध्यमिक विद्यालयमा अध्ययनरत थिए । आफन्तले भने दुई बालिकाले फोनमा कुरा गरे पनि कहाँ-कस्तो अवस्थामा रहेको जानकारी नभएको बताएका छन् । राधिका र मनिकाले अभिभावकसँग फोनमा कुरा गरेको बताइन्छ ।

परिवारका अनुसार बालिका हराउँदा बखत विद्यालयको पोशाक सेतो सर्ट र निलो स्कट लगाएका थिए । प्रहरीका अनुसार हराएका बालिकाका परिवारले घरबाट स्कुल जान्छु भनी हिँडेका र हालसम्म घरमा फर्की नआएका भनी खोजीका लागि प्रहरीमा निवेदन दिएका छन् । "आफन्त, इष्टमित्रसमेतको सम्पर्कमा नआएको हुँदा खोजतलास गरी पाऊ भन्दै परिवारले जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएपछि खोजी कार्यलाई तीव्र बनाइएका छौं ।" जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले भन्नुभयो ।

## भदौंदेखि अनिवार्य मिटरमा ट्याक्सी संचालन गर्न यातायात कार्यालयको निर्देशन

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन

गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री रेशम बहादुर जुग्जालीको बिषेश पहलमा आउँदो भदौं १ गते देखि पोखरामा कालो प्लेटका भाडाका ट्याक्सी मिटरमा चल्ने भएका छन् ।

केही दिन अघि सरोकारपक्ष बिच भएको सहमती अनुसार भदौं १ देखि उक्त निर्णय कार्यान्वयन गराउन मन्त्री जुग्गालीले सम्बन्धित कार्यालयलाई निर्देशन दिनु भएको हो । गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय अर्न्तगत यातायात व्यवस्था कार्यालय (सवारी) कास्कीले एक सूचना जारी गर्दै भदौं १ देखि पोखरामा ट्याक्सीलाई अनिवार्य मिटरमा सञ्चालन गर्न आग्रह गरेको छ । पोखरा उपत्यकाभित्र सञ्चालन हुने सबै ट्याक्सीहरुले भदौं १ गतेदेखि अनिवार्यरुपमा विलिङ सहितको मिटर जडित ट्याक्सी सञ्चालन गरी मिटर र बिल बमोजिमको भाडा लिने गरी सञ्चालन गर्नुहुन मंगलबार जारी गरिएको सूचनामा उल्लेख छ । मिटरमा ट्याक्सी सञ्चालन नगरेको पाइएमा कानुन बमोजिम कारबाही हुने कार्यालयका प्रमुख डिल्लीराम रिजालले बताउनु भयो । अनाधिकृतरुपमा सञ्चालन भएका एप तथा अन्य तवरले रातो प्लेट (निजी) सवार ीसाधन प्रयोगमा ल्याई भाडाको रुपमा सञ्चालन गरेको पाइएमा कानुन बमोजिम कारवाही गरिने भएको उहाँले चेतावनी दिनु भएको छ । अब यसको नियमन गर्ने गराउने बिषयमा ट्राफिक कार्यालयलाई निर्देशन जारी गरेको प्रमुख रिजालले बताउनु भयो । भाडाका र ट्याक्सीको भाडा सम्बन्धमा गण्डकी प्रदेश सरकारले २०७८ सालमा गरेको भाडा समायोजन अनुसार १५ कि.मी. भित्र यात्रा गर्दा सुरुवाती २०० मी. सम्मको ८० र त्यसपछि प्रति २०० मी.बराबर १० कायम गरिएको सूचनामा उल्लेख गरिएको छ । १५ कि.मी. भन्दा बढी यात्रा गर्दा प्रति कि.मी.३७.५० का दरले भाडा लिनुपर्ने कार्यालयले सूचना मार्फत जानकारी गराएको छ ।

लामो समय देखि पोखरामा ट्याक्सी मिटरमा चलाउन धेरै पटक प्रयास भए पनि अन्ततः भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री रेशम बहादुर जुग्जालीको पहलमा मिटरमा ट्याक्सी संचालन गर्न व्यवसायीले सहमति जनाएका थिए । राज्यले बैज्ञानिक रुपमा भाडा समायोजन गरेको खण्डमा आफुहरु जहिले पनि मिटरमा ट्याक्सी संचालन गर्न तयार रहेको पोखरेली ट्याक्सी सेवा प्रालिका अध्यक्ष प्रकाशमणि तिवारीले बताउनु भयो । आफुहरुको केही ट्याक्सीमा मिटर जडान देखि बिलिङ सिस्टम बनाउन थप केही दीन समय लाग्ने उहाँले बताउनु भयो । लेकसाइडमा रहेका रातो प्लेटका गाडीले यात्रु वोक्नु र भारतीय नम्बर प्लेटका गाडीले अवैध रुपमा यात्रु ओसारपोसार गर्नु कानूनको खिल्लि उडाएको उहाँले दाबी गर्नु भयो । २०७९ असोज १५ गते भएको भाडा समायोजनको निर्णय अनुसार १५ कि.मी. भित्र यात्रा गर्दा सुरुवाती २०० मी. सम्मको ८० र त्यसपछि प्रति २०० मी.बराबर १२ रुपैया कायम गर्न अध्यक्ष तिवारीले माग गर्नु भयो । समय अनुसार हरेक समानको महङगीले आफुहरु प्रभावित भएको अबस्थामा भाडा दरमा समेत समयअनुसार बनाउनु पर्ने उहाँको भनाई छ । मन्त्री जुग्जालीले ट्याक्सीलाई तुरुन्त मिटर प्रणालीमा चलाउन यातायात व्यवसायीलाई आग्रह गर्नु भएको छ । उहाँले भन्नु भयो "विगतको समझदारी पालना गर्नुस्, मिटरमा नचल्ने ट्याक्सी चालकलाई अब हामी कारबाही गर्छौं, स्वचालित भाडादर पनि लागू हुन्छ, व्यवसायीलाई मर्का पर्ने देखिएमा पुनः भाडा समायोजन गर्न सकिन्छ ।"


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# गण्डकीमा पशुलाई पूर्णखोप अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

वस्तुभाउमा देखिने विभिन्न रोगविरुद्ध गण्डकी प्रदेशमा पूर्णखोप कार्यक्रम सञ्चालन गरिएको छ । प्रदेशका ७५ प्रतिशत पशुपालक किसानको घरगोठमा खोप सेवा पुगेको कृषि तथा भूमि व्यवस्था मन्त्रालयले जनाएको छ ।

गण्डकीका ८५ पालिकामध्ये एक महानगरपालिका, २३ नगरपालिका र ३८ गाउँपालिकाका पाँच सय ८० वडामा पूर्णखोप कार्यक्रम सञ्चालन गरिएको मन्त्रालयको योजना तथा अनुगमन महाशाखा प्रमुख डा गृष्म न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार गाईभैँसीलाई लाग्ने खोरेत, भ्यागुते, चरचरे, बङ्गुरमा देखिने क्लासिकल स्वाइन फिभर, बाख्रामा देखिने पिपिआर र कुकुरलाई लाग्ने रेबिज रोगविरुद्ध खोप अभियान सञ्चालन गरिएको हो । गत आर्थिक वर्षमा मात्र खोरेतको छ लाख २८ हजार छ सय १५ डोज, चरचरे र भ्यागुतेको तीन लाख ९६ हजार ५०, क्लासिकल स्वाइन फिभरको ८० हजार एक सय ३८, पिपिआरको ११ लाख ८४ हजार ६० र रेबिजको ४२ हजार दुई सय ८० डोज खोज लगाइएको मन्त्रालयले जनाएको छ। पूर्णखोप कार्यक्रमका लागि गत आवमा रु १३ करोड ७४ लाख खर्च भएको डा न्यौपानेले बताउनुभयो । "यस वर्ष पनि पूर्णखोप कार्यक्रमले निरन्तरता पाउँछ, विभिन्न रोगव्याधिका कारण हुने पशुधनको क्षति रोक्न खोप अभियान सञ्चालन गरिएको हो", उहाँले भन्नुभयो, "प्रदेशका सबै पशुपालक किसानको घरगोठमा खोप सेवा पुर्‍याउने लक्ष्य मन्त्रालयको छ ।"

अहिले गाईभैँसीमा देखिएको लम्पी स्किन रोगका विरुद्ध पनि खोप अभियान सञ्चालन भइरहेको छ। प्रदेशका एक लाख तीन हजार दुई सय ३० गाईभैँसीमा उक्त खोप लगाइएको मन्त्रालयले जनाएको छ । गाईभैँसीका फैलिएको उक्त रोगले प्रकोपको रूप लिएपछि खोप अभियान सञ्चालन गरिएको हो । गण्डकीमा कुल आठ लाख ५४ हजार नौ सय २५ गाईभैँसी रहेकामा हालसम्म १२ दसमलव ०७ प्रतिशत गाईभैँसीलाई मात्र उक्त खोप दिइएको डा न्यौपानेले जानकारी दिनुभयो । लम्पी स्किनको सङ्क्रमण देखिएपछि गत आवको अन्तिममा प्रदेश सरकारले बजेट रकमान्तर गरेर खोपका लागि रु एक करोड बजेट छुट्याएको थियो ।

जिल्लामा रहेका भटेरेनरी अस्पताल तथा पशु विज्ञ केन्द्रमार्फत ५१ हजार चार सय, स्थानीय तहबाट ४६ हजार सात सय दुई र किसानले आफ्नै खर्चमा पाँच हजार एक सय २८ डोज खोप लगाएको मन्त्रालयले जनाएको छ । महाशाखा प्रमुख डा न्यौपानेका अनुसार गण्डकीमा हालसम्म ६९ हजार आठ सय ४१ गाईवस्तु लम्पी स्किनबाट सङ्क्रमित भएका छन् । प्रदेशका ८५ स्थानीय तहमध्ये ८२ स्थानीय तहका पशुचौपायामा सो रोगको सङ्क्रमण देखिएको छ । मुस्ताङको लोमान्थाङ, लो-घेकर दामोदरकुण्ड र मनाङको मार्फाभूमि गाउँपालिकामा अहिलेसम्म उक्त रोगको सङ्क्रमण देखिएको छैन । सो रोग लागेर हालसम्म तीन हजार दुई सय ४७ गाईवस्तुको मृत्यु भएको छ भने ३१ हजार तीन सय पाँच निको भएका छन् । अढतीस हजार पाँच सय ३६ गाईभैँसी अहिले पनि सङ्क्रमित अवस्थामा छन् ।

# पृथ्वी राजमार्गमा यात्रा सकसपूर्ण

**रासस**
तनहुँ, ३० साउन

पृथ्वी राजमार्गको सडक विस्तारको काम भइरहेको छ । सडक चार लेन विस्तारका क्रममा राजमार्गको यात्रा गर्दा यात्रुले सास्ती भोग्नु परेको छ । पोखरा-मुग्लिन सडकअन्तर्गत करिब ९० किलोमिटरमध्ये पहिलो चरणमा आँबुखैरेनीदेखि पोखरासम्मको ८१ किलोमिटर सडकको स्तरोन्नतिको काम भइरहेको छ ।

यस सडकको निर्माण कछुवा गतिमा भएको छ । सडक विस्तारले आँबुखैरेनीदेखि पोखरासम्मको बाटो छिचोल्न यात्रुलाई निकै सास्ती हुने गरेको छ । सडकका विभिन्न स्थानमा ढुङ्गा, माटो हुँदा यात्रा सकसपूर्ण हुने गरेको छ । सडक छेउबाट पैदल यात्रा गर्न सक्ने अवस्था नरहेको व्यास नगरपालिका-१२ का तारा पन्थले बताउनुभयो । उहाँका अनुसार यस सडक छेउमा घर भएकाले केही कामका लागि निस्कँदा पनि सास्ती खेप्नुपर्ने अवस्था छ । "राजमार्गकै बाटो भएर बारीसम्म पुग्न पनि सकस छ, दैनिक रूपमा यस मार्ग हुँदै अध्यापनका लागि विद्यालयसम्म पुग्न सास्ती भएको छ, घाम लागे धुलो, पानी परे हिलोले यात्रा गर्न कठिन छ", पन्थले भन्नुभयो ।

ग१ख ७२५७ नं बसका चालक विशाल लामाले पोखरा-नारायणगढसम्म सडक विस्तारको सास्ती भोग्दै दैनिक यात्रु बोकेर यात्रा गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "असाध्यै गाह्रोका साथ यात्रा गर्नुपर्छ, सडक विस्तारको जिम्मा लिएको कम्पनीले सामग्री जथाभावी राखिदिँदा समस्या भएको छ ।" पहिले मुग्लिनमा पहिरा खस्छ भन्ने चिन्ता हुने गरेको प्रसङ्ग सुनाउँदै उहाँले अहिले पृथ्वी राजमार्गकै तनहुँ खण्डको अवस्था त्यस्तै रहेको बताउनुभयो । केही मात्रामा निर्माण कम्पनीले व्यवस्थापनका काम गरिदिए यात्रा सहज हुने लामाले बताउनुभयो ।

ग२प ९९० नं बसका चालक आशिष श्रेष्ठले दैनिक रूपमा तीन पटकसम्म यात्रु बोक्ने गरेकामा अहिले एक पटक यात्रा गर्न पनि सकस भएको बताउनुभयो । उहाँले भन्नुभयो, "विस्तारका क्रममा भएका ठूला खाल्डाखुल्डीको व्यवस्थापन गरिदिए यात्रा गर्न सहज हुने थियो, ठूला खाल्डाखुल्डीले गर्दा बसको कतिबेला पट्टा भाँचिन्छ र यात्रा बीचैमा रोकिन्छ भन्दै यात्रा गर्नुपर्ने अवस्था छ, निर्माण कम्पनीले त्यसतर्फ ध्यान दिए पुग्थ्यो ।" साना सवारीसाधन तथा दुईपाङ्ग्रे सवारीसाधन चलाउन बढी समस्या भएको उहाँको भनाइ छ । निर्माण पक्षले यस सडकको यात्रा सहजताका लागि समयमै काम गरिदिए यात्रुले भोग्नु परेका समस्या समाधान हुने थियो । कतिपय स्थानमा ठूला सवारीसाधन सडक पार गर्न सक्छन् भने साना तथा दुईपाङ्ग्रे सवारीसाधन आवतजावत गर्न सक्ने अवस्था नै छैन । खाल्डो पार गर्ने क्रममा दुर्घटना हुने गरेको छ । बर्सातको समय भएकाले यस सडकमार्फत यात्रा गर्दा अधिकांश स्थानमा पहिरा खस्ने गरेको छ। लामो समयसम्म आधा बाटोमै रोकिनुपर्ने अवस्था छ । हाल पहिराका कारण केही स्थानमा एकतर्फी मात्रै सडक सञ्चालनमा छ । पूर्वी खण्डको २०७७ माघ १७ गते सम्झौता भएको थियो । उक्त खण्डको २०७८ वैशाख २ गतदेखि निर्माण सुरु भएको हो ।

# मुस्ताङको...

तथा रेष्टुरेण्ट लगायमा क्षति पुगेको गाँउपालिकाका अध्यक्ष रिङजीन नामगेल गुरुङले बताए । पूर्व सूचना गराएका कारण भने मावनीय क्षेती हुनबाट बचाउन सफल भएको उनले जनाए । कागबेनीमा करिब एक सय घर धुरीको बस्ती रहेको थियो ।

हरेक बर्ष जसो यसरी नै आउने बाढी भन्दा यस बर्ष भने बाढीको गति तिव्र र धेरै लेदो सहितको बाढी आउदा कागबेनीको बस्तीमै बाढी पसेको बारागुङ मुक्ति क्षेत्र गाउँपालिकाका प्रवक्ता प्रमेश गुरुङले बताए । आफुहरुले अब तत्काल बचेको कागबेनीको घर सहितको बस्ती संरक्षणको लागि मेसिन प्रयोग गरी मर्मत सम्हार र सफाई गर्न लागिएको प्रवक्ता गुरुङले जनाए ।

यसैबिच, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको अध्यक्षतामा सोमबार पोखरामा बसेको बैठकले मुस्ताङको प्रभावित नागरिकलाई तत्काल सहयोग पठाउने निर्णय गरेको थियो ।

यसैबिच, पोखरा पर्यटन परिषदले उक्त घटना प्रति दुःख व्यक्त गर्दै राहत र उद्धारमा बिषेश ध्यान दिन आग्रह गरेको छ । प्रदेशको पर्यटकीय क्षेत्रमा भएको विपदले आम पर्यटन क्षेत्रलाई समेत असर पर्ने भएकोले त्यसको उचित व्यबस्थापनको लागि तीन तहका सरकार सहित विभिन्न संघ संस्थाहरुको समन्वय र सहकार्य आवश्यक भएको परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताए । बाढी पहिरोले प्रभावित भएका सडक मार्ग सहितका पदमार्ग तत्काल मर्मत संहार गर्न परिषदले माग गरेको छ ।

# पोखरामा मनाइयो भारतीय स्वतन्त्रता दिवस

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन




पोखरामा मंगलबार ७७ औं भारतिय स्वतन्त्रता दिवस मनाइएको छ ।

पोखराको रामबजारमा रहेको भारतीय राजदुतावास पेन्सन वितरण क्याम्पमा कार्यक्रमको आयोजना गरि दिवस मनाइएको हो । भारतीय राजदुतावास पेन्सन बितरण कार्यलयका प्रमुख ले.कर्नल प्रशान्त सिङ बघेल ले भारतिय राष्ट्रिय झण्डालाई झण्डोत्वलन गरेर कार्यक्रम शुभारम्भ गर्नुभएको थियो। कार्यक्रमका प्रमुख अतिथि शिक्षाविद् डा. जर्ज जोन हुनु हुन थियो । भूपूहरु सैनिक र भारतिय नागरीक र नेपाल भारत मैत्री विद्यालयका अभिभावकहरुको उल्लखनिय सहभागिता रहेको थियो । कार्यक्रममा नेपाल भारतमैत्री विद्यालयका विद्यार्थीहरुद्धारा दुवै देशको राष्ट्रिय गान सास्कृतिक, कार्यक्रम, खेलकुदका कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रमममा उत्कृष्ठ कर्मचारीहरु लाई प्रमाण पत्रद्धारा सम्मान समेत गरिएको थियो । सन् १९४७ अगस्ट १५ मा भारत बेलायतबाट स्वतन्त्र भएको थियो । भारतले हरेक वर्ष अगस्ट १५ तारिखमा स्वतन्त्रता दिवस मनाउदै आएको छ ।

# बुढिखोलामा पूल निर्माणका लागि सांसद कार्कीद्वारा प्रदेश सरकारको ध्यानाकर्षण

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन




कास्की क्षेत्र न गण्डकी प्रदेश सभामा कास्की क्षेत्र न २ ( १) बाट प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्य भिम बहादुर कार्कीले बुढिखोलामा पूल निर्माणका लागि प्रदेश सभा मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराउनु भएको छ ।

मंगलबार प्रदेश सभाको जारी अधिबेशनको शुन्य समयमा बोल्दै उहाँले पोखरा महानगरपालिका वडा न २१ को दोपहरे - माझगाउँ - बक्रेक - स्याङ्जाको पौवेगौडे जोड्ने ११ कि मि लामो कृषि सडक निर्माण भएको एक बर्ष एक महिना बितिसक्दा पनि पूर्णरूपमा संचालनमा कठिनाइ भएको बताउनुभयो । प्रदेश सरकारको एक निर्बाचन क्षेत्र एक कृषि सडक कार्यक्रम अन्तर्गत सो सडक निर्माण भएको उल्लेख गर्दै कार्कीले सो सडक निर्माणका क्रममा नै निर्माण पूरा हुनुपर्नेमा सडक निर्माण सम्पन्न भएर हस्तान्तरण भएको एक बर्ष एक महिना बितिसक्दा पनि पूल नबनेको उल्लेख गर्दै तत्काल सो पूल निर्माण कार्य अघि बढाउन संसद मार्फत प्रदेश सरकारको ध्यानाकर्षण गराउदछु उहाँले भन्नू भएको छ ।

उक्त पूल नबन्दा बर्षातको समयमा आबागमनमा बाधा पुगेको भन्दै जनताहरू जोखिम मोलेर यात्रा गर्नु परेको तर्फ गम्भीरतापूर्बक ध्यान दिन सरकारसँग जोड्दार माग गर्दछु कार्कीले भन्नु भयो ।

# लिफ्टिङ खानेपानी आयोजनालाई विद्युत् महसुलमा अनुदान

**पोखरापत्र संवाददाता**
पोखरा, ३० साउन

गण्डकी प्रदेशभित्रका दुई सय ४० वटा लिफ्टिङ खानेपानी आयोजनाले विद्युत् महसुलमा अनुदान पाएका छन् ।

गत आर्थिक वर्षमा ती आयोजनालाई कूल रु एक करोड ८८ लाख २६ हजार अनुदान रकम प्रदान गरिएको प्रदेश सरकार ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयले जनाएको छ । मन्त्रालयले गतवर्ष बनाएको मापदण्ड अनुसार अनुदान उपलब्ध गराइएको खानेपानी शाखाका इञ्जिनियर टेकन पण्डितले जानकारी दिनुभयो । मासिक रु १५ हजारसम्मको विद्युत् खपत गर्ने आयोजनालाई शतप्रतिशत र रु १५ हजारदेखि ३० हजारसम्मको विद्युत् खपत गर्नेलाई ७५ प्रतिशत अनुदान दिइएको हो । साथै रु ३० हजारदेखि ६० हजारसम्म विद्युत् महसुल लाग्ने आयोजनालाई ५० प्रतिशत र मासिक रु ६० हजारभन्दा बढीको विद्युत् खपत गर्ने आयोजनालाई कूल विद्युत् महसुलको २५ प्रतिशत अनुदान प्रदान गरिएको मन्त्रालयले जनाएको छ । "लिफ्टिङ खानेपानी आयोजनमा विद्युत् महसुल अनुदानका लागि मन्त्रालयले रु पाँच करोड बजेट छुट्ट्याएको थियो", इञ्जिनीयर पण्डितले भन्नुभयो, "गत आवमा दुई सय ४० आयोजना मात्र अनुदानका लागि छनोटमा परे, यो वर्षदेखि लिफ्टिङ सिँचाइमा पनि अनुदान कार्यक्रम सुरु हुँदैछ ।" लिफ्टिङ सिँचाइ आयोजनाको विद्युत् महसुल अनुदानका लागि मादपण्ड बन्न बाँकी रहेको जनाइएको छ । अनुदान प्राप्त हुने आयोजनाको विद्युत् अन्य घरायसी तथा व्यावसायिक प्रयोजनमा गर्न नपाइने मापदण्डमा उल्लेख छ ।

नेपाल विद्युत् प्राधिकरणको कालोसूचीमा परेका अनुदानग्राहीलाई पनि अनुदान नदिइने मन्त्रालयले जनाएको छ । अनुदानका लागि छनोटमा परेका आयोजनाले मासिकरूपमा विद्युत् महसुल तिरेको सक्कल बिल र विद्युत् अनुदान परिचयपत्रसहित सम्बन्धित कार्यालयमा निवेदन पेस गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय मातहतका निकाय र कार्यालयमा अनुदानका लागि परेका निवेदनमाथि छानबिन तथा जाँचबुझ गरी मन्त्रालयले आयोजना छनोट गर्ने गरेको छ ।

कार्यविधि बमोजिम अनुदानग्राहीको रूपमा छनोट भई दर्ता भएका र अनुदान परिचयपत्र प्राप्त गरेका आयोजनालाई मासिकरूपमा अनुदान दिने गरिएको मन्त्रालयले जनाएको छ । यो वर्ष लिफ्टिङ खानेपानी र सिँचाइ आयोजनाको विद्युत् महसुलमा अनुदान दिन रु पाँच करोड पाँच लाख बजेट विनियोजन गरिएको छ ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्बन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो । मेरो विचारमा त सबै धर्म त्यसमै छ । - गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# पेट्रोलियम पदार्थको मूल्य नबढाऊ

नेपाल आयल निगम लिमिटेडले मंगलबार रातिबाट लागू हुने गरि डिजेल तथा मट्टीतेल समान १४ रुपैयाँ मूल्य बढाएको छ। पेट्रोलमा भने एक लिटरमा पाँच रुपैयाँ बढेको छ । मूल्यवृद्धिपछि काठमाडौंमा प्रतिलिटर पेट्रोल एक सय ७८ रुपैयाँ र डिजेल तथा मट्टीतेल समान १ सय ६७ रुपैयाँ पुगेको छ। काठमाडौंको तुलनामा सुर्खेत र दाङमा प्रतिलिटर १ रुपैयाँ मूल्य सस्तो हुने गरेको छ भने तराईमा दुई रुपैयाँ ५० पैसा प्रतिलिटर सस्तो पर्ने गरेको छ।

आयल निगमले व्यवसायीलाई छल्न मंगलबार रातिबाट लागू हुने गरी मूल्यवृद्धि गरेको हो। यसअघि १६ साउनमा इन्डियन आयल कर्पोरेसन (आइओसी) बाट नयाँ मूल्य बढेर आउँदा पेट्रोलपम्प व्यवसायीले अस्वभाविक तेल लगेर लाभ लिएका थिए । उनीहरूको गैरव्यावसायिक क्रियाकलाप रोक्न र निगमलाई संस्थागत नोक्सानी हुनबाट जोगाउन आइओसीबाट मूल्य आउनुअगावै मूल्यवृद्धि गरिएको दावी गरेको छापहिला मूल्य घटेर आउँदा पनि मूल्य नघटाई आयल निगमलाई कमाउने मौका मिलेको थियो ।

भारतबाट मूल्य घटेर आउँदा मूल्य घट्ने गरेको थियो ।बढेर आउँदा हत्तपत्त बढाइ हाल्ने निगमको चलन हो । मूल्य घट्दा प्रधानमन्त्री पुष्प कमल दाहाल प्रचण्डको कारण भनेर सामाजिक संजालमा प्रधानमन्त्रीको सचिवालयकाले प्रचार गर्ने गर्थे । बढ्दा सरकारलाई दोष दिन मिल्ने कि नमिल्ने प्रश्न खडा भएको छ। नेपाली उखान सप्रे खोसाखोस, बिग्रे दोषादोष भन्ने अवस्थाअहिले छ। निगम स्रोतका अनुसार आइओसीसँग भोलि दिउँसो आउने नयाँ मूल्यबारे जानकारी लिएर नेपाली बजारमा भने आजै रातिबाट लागू हुने गरी मूल्य समायोजन गरिएको छ। बढ्ने वित्तिक्कै बढाउन हता आइओसीले १ देखि १३ तारिखको अन्तर्राष्ट्रिय बजार मूल्यको औसत निकालेर नेपाललाई नयाँ मूल्यसूची पठाउने गरेको छ।

निगमले गत ३१ असारदेखि पेट्रोलियम पदार्थमा स्वचालित मूल्य प्रणाली लागू गरेयता प्रत्येक १५ दिनमा आइओसीबाट नयाँ मूल्य पाउनासाथ नेपाली बजारमा समायोजन गर्दै आएको छ । आम उपभोक्ता समस्यामा परिरहेका बेलासेवा प्रदायक सरकारी निकाय नाफाखोरमा लागेको छ। 'यो अत्यन्तै निन्दनीय छ। अन्तर्राष्ट्रिय मूल्यमा धेरै मूल्य घट्दा पनि नघटाई स्वचालित मूल्य प्रभावित पार्ने काम सरकारले गरेको थियो ।अहिले कस्को दबाबमा दुई दिन अघि नै मूल्य बढाइएको हो जनतालाई सुनाउनुपर्छ। यो कस्को दबाबमा पहिल्यै मूल्य बढाइएको हो ? जनताले थाहा पाउनुपर्छ ।

इन्धनको मूल्य बढ्दा बजारमा उपभोक्ताले पाउने समस्या बारे सरकारले अन्देखा गरेकोछ । इन्धनकै मूल्यका कारण कारण बजारमा माग ठप्प भएको कुरा स्वयम वाणिजय मन्त्रालयले नबुझेको कारण अठेरो हो । ' मन्दीले बजार ठप्प भएको बेलामा मूल्य घटाए मूल्यवृद्धि नियन्त्रण हुन्थ्यो । तर, बजारमा आर्थिक गतिविधि बढाउन पनि सरकारले मूल्य घटाउनु पर्नेमा सरकारले गलत गऱ्यो ।' उपभोक्ता संरक्षण ऐन कार्यान्वयन गर्ने अधिकार भएको, आपूर्ति व्यवस्था सहज पार्ने जिम्मेवारी भएका वाणिज्य सचिव र निगमका अध्यक्ष एकै हुन तर उनले जनभावना बुझेनन् । चाडपर्वको सिजन शुरु हुन लाग्दा मूल्य बढाउनु जनताको ढाड सेक्ने काम हो ।

# पेट्रोल र डिजेलको मूल्यवृद्धि

रासस
काठमाडौं, ३० साउन

पेट्रोल र डिजेलको मूल्यवृद्धि भएको छ । नेपाल आयल निगमको सञ्चालक समितिको मंगलबार बसेको बैठकले डिजेल र मट्टितेलमा प्रतिलिटर रु १४ र पेट्रोल प्रतिलिटरमा रु पाँचले बढाएर मूल्य समायोजन गरेको हो ।

निगमका अनुसार अब पेट्रोलको उपभोक्ता मूल्य प्रतिलिटर रु एक सय ७५ र डिजेल तथा मट्टितेलको मूल्य १६४ दशमलव पाँच रुपैयाँ प्रतिलिटर कायम हुनेछ । इन्डियन आयल कार्पोरेशनबाट मंगलबार पेट्रोल र डिजेलमा क्रमशः प्रतिलिटर तीन दशमलव ८५ र ११ दशमलव २५ रुपैयाँ मूल्य बढेर आएसँगै नेपालमा पनि वृद्धि गरिएको निगमले जनाएको छ ।

# अब वर्षा कमहुँदै जान्छ : मौसम पूर्वानुमान महाशाखा

रासस
काठमाडौं, ३० साउन

गत शुक्रबार रातिदेखि परेको अविरल वर्षा सोमबारबाट केही कम भएको छ । शनिबार र आइतबारको तुलनामा अबको एक-दुई दिन वर्षा कम हुने जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले पूर्वानुमान गरेको छ ।

महाशाखका मौसमविद् रोजन लामिछानेका अनुसार अबको दुई/तीन दिन वर्षा धेरै हुने देखिँदैँ । "मनसुन अबको दुई तीन दिन सक्रिय हुने देखिँदैन । यसको अर्थ वर्षा नै नहुने भन्ने होइन तर, निरन्तर र भारी वर्षाको सम्भावना छैन । शनिबार र आइतबार बढी वर्षा भयो, अब यो क्रमशः कम हुँदै जानेछ", उहाँले भन्नुभयो । महाशाखाका अनुसार मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा उत्तरतिर छ । अबको केही दिन मनसुन न्यून चापीय रेखा सरदर स्थानभन्दा उत्तरतिर नै रहने हुनाले मनसुनी वर्षा कम हुने पूर्वानुमान गरिएको मौसमविद् लामिछानेले बताउनुभयो ।

महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा अहिले देशभर आङ्शिकदेखि सामान्य बदली छ । कोशी र गण्डकी प्रदेशका केही स्थानमा तथा बाँकी प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । कोशी प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको समेत सम्भावना छ ।

रातिको समयमा पनि कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका केही स्थानमा तथा बाँकी प्रदेशका एक-दुई स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ ।

महाशाखाका अनुसार बुधबार र बिहीबार देशभरका प्रमुख नदीमा जलसतह घट्दो हुने तथा सतर्कता तहभन्दा तल हुने, नदी तटीय क्षेत्रका क्रियाकलाप उच्च सतर्कताका साथ गर्न सकिनेछ ।

# डेङ्गुबाट १३ हजार सङ्क्रमित, सतर्कता अपनाउन आग्रह

रासस
काठमाडौं, ३० साउन

देशभरि डेङ्गुको सङ्क्रमण दैनिक बढिरहेको छ । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका अनुसार हाल देशभरि ७४ जिल्लामा डेङ्गुको सङ्क्रमण फैलिँदा १३ हजार दुई सय ९२ जना बिरामी परेका छन् ।

डेङ्गुको सङ्क्रमणबाट हालसम्म १० जनाको मृत्यु भइसकेको छ । महाशाखाका निर्देशक डा रुद्रप्रसाद मरासिनीले लगातार परिरहेको पानीका कारण तथा सरसफाइमा ध्यान नदिँदा डेङ्गुको सङ्क्रमण बढिरहेको बताउनुभयो । उहाँले दैनिक सङ्क्रमण बढिरहेकाले सतर्कता अपनाउनु आग्रह गर्नुभयो। "दैनिक डेङ्गुको सङ्क्रमण बढिरहेकाले सरसफाईसहित लामखुट्टेबाट बच्न सतर्कता अपनाउनुपर्दछ", निर्देशक डा मरासिनीले भन्नुभयो, "डेङ्गु सङ्क्रमण भदौ र असोजमा उच्च हुने जोखिम छ ।" नेपालमा पहिलो पटक सन् २००४ मा डेङ्गुको सङ्क्रमण देखिएको थियो । सन् २०२२ मा ५४ हजार सात सय ८४ जना डेङ्गुबाट सङ्क्रमित भएका थिए भने यसबाट ८८ जनाको मृत्यु भएको थियो । डेङ्गुको सङ्क्रमण सबैभन्दा बढी सुनसरीमा देखिएको छ । महाशाखाका अनुसार सुनसरीमा सात हजार ८९ जना डेङ्गुबाट सङ्क्रमित भएका छन् । यस्तै मोरङ एक हजार पाँच सय ९१, धादिङमा एक हजार दुई सय दुई, झापामा आठ सय ९६, कास्कीमा दुई सय ४७, धनकुटामा दुई सय ३६, काठमाडौंमा एक सय ९६, दार्चुलामा एक सय ९४, सङ्खुवासभामा एक सय ५६ तथा चितवनमा ९० जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले जनाएको छ ।

डेङ्गुको सङ्क्रमण सबैभन्दा बढी कोशी प्रदेशमा देखिएको छ। कोशीमा १० हजार एक सय ८२ जना यसबाट सङ्क्रमित भएका छन् । यस्तै बागमती प्रदेशमा एक हजार सात सय ९३, गण्डकीमा पाँच सय १०, सुदूरपश्चिममा चार सय १७, लुम्बिनीमा दुई सय ६३, मधेसमा ९२ र कर्णाली प्रदेशमा ३६ जनामा डेङ्गुको सङ्क्रमण देखिएको महाखाले जनाएको छ । मन्त्रालयले लामखुट्टेबाट बच्नका लागि सधैँ भूल टाँगेरमात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न अनुरोध गरेको छ । यस्तै सम्भव भएसम्म लामखुट्टे भगाउने धूप वा मलमको प्रयोग गर्न, घरपालुवा पशुपक्षी व्यवस्थित ढङ्गले पाल्न र घरवरिपरि गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिन आग्रह गरेको छ ।

# मौसम सुधारसँगै मनाङको यातायात सञ्चालन

पोखरापत्र संवाददाता
मनाङ, ३० साउन

हिमाली जिल्ला मनाङ आउने अवरुद्ध एकमात्र सडक चार दिनमा सञ्चालन भएको छ । सोमबारदेखि मौसममा सुधार आएपछि डुम्रे-बेँसीसहर-चामे सडक सुचारु भएको हो । यहाँको आवतजावत पूर्णरूपमा ठप्प हुँदा मनाङ आउने पर्यटक, मार्गदर्शक (गाइड), कर्मचारी बीचबाटोमै अलपत्रमा परेका थिए ।

सो सडकखण्डअन्तर्गत लमजुङको बेँसीसहर नगरपालिका-६ खरखरेस्थित सडक भासिएको थियो । सडक खुलेसँगै औषधिलगायतका अत्यावश्यक सामग्री लिएर सवारी साधन मनाङ आएको जिल्ला अस्पताल प्रमुख रहमत अन्सारीले जानकारी दिनुभयो । उहाँका अनुसार मौसमले धेरै प्रभाव पार्ने मनाङमा मनसुनको यात्रा सकस हुन्छ । यसले गर्दा सावधानी अपनाउनुपर्ने भए पनि अत्यावश्यक कामले हिँड्न बाध्य हुनुपर्ने उहाँको भनाइ छ । जिल्लाको स्वास्थ्यसँग जोडिएको व्यक्तिले यहाँका स्थानीय तथा पर्यटकलाई औषधिलगायतका सेवा प्रवाहलाई मध्यनजर गर्नुपर्ने उहाँले बताउनुभयो ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना कार्यालय (एक्याप) मनाङका प्रमुख लेखनाथ गौतमले जोखिमकै बेलामा पनि दैनिक १४-१५ जनासम्म पर्यटक आउने गरेका जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "आन्तरिकजस्ता हुँदैनन्, विदेशी पर्यटक जोखिमलाई आत्मसाथ गर्ने भएकाले पहिराको जोखिम पार गर्दै पर्यटक आउने क्रम जारी रहेको छ ।" अब सिजन पनि सुरु हुने अवस्था भएकाले यहाँ पर्यटक आउन थालेको उहाँले बताउनुभयो ।

डुम्रे-बेँसीसहर-चामे सडक आयोजना कार्यालयका सब-इन्जिनियर सुमन अधिकारीले काम गर्न सहज हुनासाथ अवरुद्ध सडक खुलाइएको बताउनुभयो । उहाँले भन्नुभयो, "यस सडकमार्फत यात्रा त अझै पनि जोखिम छ, तर हालका लागि सडक सञ्चालनमा ल्याएका छौं ।"

# आमा समूहद्वारा व्यावसायिक 'फेन्सी चप्पल' उत्पादन

पोखरापत्र संवाददाता
बेनी, ३० साउन

म्याग्दीको बेनी नगरपालिका-९ गलेश्वरमा रहेको गलेश्वरधाम आमा समूहमा आबद्ध महिलाले 'फेन्सी चप्पल'को व्यावसायिक उत्पादन सुरुआत गरेका छन् । बेनी नगरपालिकाको 'आमा समूहसँग उपमेयर' कार्यक्रमअन्तर्गत १५ दिने तालिम लिएका महिलाले चप्पल उत्पादन गर्न थालेका हुन् ।

पहिलो चरणमा नगरपालिकाबाट आधारभूत तालिम लिएका महिलालाई पुनः आमा समूहकै पहलमा थप १५ दिने विशेष तालिम दिएपछि महिलाले व्यावसायिक चप्पल उत्पादन सुरु गरेको समूहका उपाध्यक्ष विन्दु कार्की पुर्जाले जानकारी दिनुभयो । उहाँका अनुसार आमा समूहकै भवनमा महिलाले चप्पल उत्पादन गर्न थालेका छन् । बजारमा बाहिरबाट आयात गरेका चप्पलको खरिद बिक्री हुँदै आएकामा आमा समूहले नै व्यावसायिकरूपमा चप्पल उत्पादन सुरु गरेपछि स्थानीय बजारमा स्थानीय उत्पादनकै सामग्रीको उपलब्धता गराउने योजना रहेको समूहका सचिव निसा जिसीले जानकारी दिनुभयो । फेन्सी चप्पलको माग बढी हुने भएकाले व्यावसायिकरूपमा उत्पादन सुरु गरिएको चप्पल बनाउने व्यवसायबाट महिलाको आयआर्जनमा समेत टेवा पुग्ने लक्ष्य राखिएको उहाँले बताउनुभयो । महिलाले फेन्सी चप्पल सामूहिकरूपमा बनाउन सुरु गरेको उद्योगको सोमबार प्रमुख जिल्ला अधिकारी तुलसीराम पौडेलले शुभारम्भ गर्नुभएको छ । कार्यक्रममा प्रजिअ पौडेल, बेनी नगरपालिकाका प्रमुख सुरत केसी र वडाध्यक्ष चक्रबहादुर केसीले स्थानीय बजारमा स्थानीय उत्पादनकै सामग्रीको उपलब्धता गराउन सकेमा यसले महिलाको उद्यमशीलताको प्रवर्द्धन गर्नेमा जोड दिनुभयो । सो अवसरमा गलेश्वर मन्दिर परिसरमा शनिबार राखिएको घुम्ती प्रदर्शनी कक्षबाट ५९ जोर चप्पल बिक्रीसमेत भएको समूहले जनाएको छ । सो समूहले उत्पादन गरेका चप्पलको गलेश्वरमा बिक्रीकक्षसमेत सञ्चालन गर्ने योजना बनाएको समूहका अध्यक्ष फूलकुमारी रोकाले जानकारी दिनुभयो ।

# कक्षा १२ को नतिजा सार्वजनिक, ५० दशमलव ०९ प्रतिशत विद्यार्थी उत्तीर्ण

रासस
काठमाडौं, ३० साउन

राष्ट्रिय परीक्षा बोर्ड सानोथिमिले मंगलबार कक्षा १२ को नतिजा सार्वजनिक गरेको छ । आज अपराह्न बसेको बोर्ड बैठकले नतिजा सार्वजनिक गर्ने निर्णय गरेको थियो ।

नतिजा सार्वजनिक गर्न मंगलबार साँझ आयोजित पत्रकार सम्मेलनमा बोर्डका अध्यक्ष डा महाश्रम शर्माले करिब ५० दशमलव ०९ प्रतिशत विद्यार्थी ग्रेडेड अर्थात् उत्तीर्ण भएको जानकारी दिनुभयो ।

बोर्डले गत वैशाख २६ देखि जेठ ५ गतेसम्म देशभरका एक हजार चार सय ५७ परीक्षा केन्द्रमा सञ्चालन गरेको परीक्षाको नतिजा सार्वजनिक गर्दै उहाँले यस वर्ष गत वर्षभन्दा तीन प्रतिशतले नतिजामा सुधार आएको बताउनुभयो ।

नतिजामा ४९ दशमलव शून्य नौ प्रतिशत भने नन ग्रेडेड भएका छन् भने गत वर्षको तुलनामा यो वर्ष तीन प्रतिशतले नतिजामा सुधार आएको बोर्डले जनाएको छ । उहाँका अनुसार यस वर्ष परीक्षामा नियमित र ग्रेडवृद्धि गरी चार लाख ६७ हजार तीन सय ८९ विद्यार्थी सहभागी भएकोमा एक लाख ८२ हजार परीक्षार्थी ननग्रेडेड अर्थात् अनुत्तीर्ण भएका छन् । प्रत्येक विषयको सैद्धान्तिकतर्फ न्यूनतम ३५ प्रतिशत अङ्क प्राप्त गरे मात्रै विद्यार्थीले ग्रेडसिट प्राप्त गर्ने व्यवस्था गरिएको छ। गतवर्ष कक्षा १२ मा ४८ प्रतिशत विद्यार्थीले मात्र ग्रेडसिट प्राप्त गरेका थिए । तीमध्ये दुई विषयसम्म एनजी (नन ग्रेडेड) आउनेले तत्कालै र बाँकी ५६ हजारले यसपालि ग्रेडवृद्धि परीक्षा दिएका थिए । लेटर ग्रेडिङ निर्देशिकामा संशोधन गरेर जुन विषयमा एनजी हुन्छ त्यही विषयमा मात्रै ग्रेडवृद्धि परीक्षा दिन पाउने व्यवस्था गरिएको छ । यसअघि दुईभन्दा बढी विषयमा एनजी आए अर्को वर्ष सबै विषयको परीक्षा दिनुपर्ने बाध्यता थियो । बोर्डका अनुसार नतिजा राष्ट्रिय परीक्षा बोर्डको वेबसाइट धधधाभबदानयखा लउ, नेपाल टेलिकमको वेबसाइट धधधालभदालतअालभत।लउ मा गएर हेर्न सकिन्छ । त्यसैगरी एसएमएसबाट पनि नतिजा हेर्न सकिनेछ । त्यसका लागि लभद लेखेर एक स्पेस दिई आफ्नो सिम्बोल नम्बर टाइप गरी १६०० नम्बरमा र नेपाल टेलिकमको १६० मा एसएमएस पठाएर पनि हेर्न सकिनेछ ।

# जोमसोम बजारमा कालीगण्डकीको कटान

रासस
म्याग्दी, ३० साउन

कालीगण्डकी नदीमा आएको बाढीले मुस्ताङको सदरमुकाम जोमसोम बजार कटान गर्न थालेको छ। कालीगण्डकीमा आएको बाढीले घरपझोङ गाउँपालिका-४ जोमसोममा कटान गरेको हो ।

कालीगण्डकीको कटानका कारण जोमसोमको सरकारी कार्यालय जाने झोलुङ्गे पुलदेखि माथि मुस्ताङ अस्पतालतर्फ ५० मिटर दूरीमा सडक चिराचिरा परेको घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले बताउनुभयो । "एघार मिटर फराकिलो सडकको डिलतर्फको करिब आठ मिटर चौडाइमा धाजा फाटेपछि आज बिहानदेखि यातायात सञ्चालन गर्न रोकेका छौं", उहाँले भन्नुभयो, "जोमसोम अस्पतालको भवन र दशभन्दा बढी व्यक्तिका घर जोखिममा परेका छन् ।" बाढीले याबियन र मेसिनरी पर्खाल भत्काएर बस्तीतर्फ कटान गर्न थालेपछि जोखिम बढेको हो । गाउँपालिकाका अध्यक्ष लालचनले नेपाल प्रहरी र सशस्त्र प्रहरीको टोलीले कटान गरेको ठाउँमा याबियन पर्खाल बनाएर कटान नियन्त्रण र सडक सञ्चालन गर्न खटिएको बताउनुभयो ।

शनिबार र आइतबार दुई दिनको लगातारको झरीका कारण मुस्ताङका खोलामा बाढी आएको छ। बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको कागखोलामा आएको बाढीले आइतबार राति कागबेनीमा २९ वटा घरसहित प्रहरी चौकी, वडा कार्यालय, मोटरेबल पुल, झोलुङ्गे पुल, मन्दिर गुम्बा, धर्मशालालगायत भौतिक संरचना बगाएको छ । कागखोलाको बाढी मिसिएर जोमसोममा आएको बाढीले कटान गर्न थालेको हो ।

यसैबीच मुस्ताङको विपद् व्यवस्थापनका लागि म्याग्दी जिल्लाको विपद् व्यवस्थापन समितिले तीन हजार लिटर डिजेल उपलब्ध गराएको छ । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्राज पाण्डेको अध्यक्षतामा सोमबार पोखरामा बसेको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको अकस्मिक बैठकले राहत व्यवस्थापन र बाढीबाट भत्किएको संरचना व्यवस्थित गर्न मेसिन उपकरण तथा सवारी साधनका लागि मुस्ताङमा इन्धन अभाव भएकाले म्याग्दीबाट डिजेल पठाउने निर्णय गरेको थियो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : मानसिक तनाव |
| वृष | : मन चञ्चल | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : आर्थिक समस्या | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

## बुटिक बिक्रीमा

**सृजनाचोकमा अत्यन्त चालु अवस्थामा रहेको बुटिक पसल विशेष कारणवस तुः बिक्रीमा छ ।**

**सम्पर्कः**
९८१५१५६३०३

# धुलाम्य र हिलाम्य सडकले पर्यटकलाई सास्ती

वासुदेव पौडेल र कृष्ण न्यौपाने
गण्डकी, ३० साउन

मुग्लिन-पोखरा सडक खण्ड पर्यटकीय नगरी पोखरा भित्रने मुख्य प्रवेशद्वार हो ।

यहाँ पछिल्लो समय चार लेनको बनाउने गरी सडक विस्तार र स्तरोन्नति हुँदैछ । सङ्घीय राजधानी काठमाडौँ र गण्डकी प्रदेशको राजधानी पोखरा जोड्ने उक्त सडक विस्तार र स्तरोन्नतिको काम एसियाली विकास बैंकको आर्थिक सहयोगमा मुग्लिन-पोखरा सडक सुधार आयोजनाअन्तर्गत भइरहेको छ ।

सुस्त गतिमा काम अघि बढ्दा सडक आसपासका व्यवसायी तथा सर्वसाधारण दिक्क छन् । पोखरा आउजाउ गर्ने यात्रुपनि सडकको धुलो र हिलोले हैरान छन् । सडकमा पानी पर्दा हिलो तथा अरु बेला धुलो नै धुलो हुन्छ । ठाउँ ठाउँमा पहिराका कारण यात्रु कष्टकर यात्रा गर्न बाध्य छन् । पोखरा-काठमाडौंको पाँच घण्टाको यात्रा १०/१२ घण्टासम्म लम्बिने गरेको छ ।

सडक स्तरोन्नति सुस्त गतिमा हुँदा पोखराको पर्यटन व्यवसाय प्रभावित बनेको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायाण श्रेष्ठ बताउनुहुन्छ । विगतमा कोभिड-१९ लगायत कारणले थलिएको पोखराको पर्यटन व्यवसाय पोखरा-मुग्लिन सडकको अवस्थाले झन थला परेको उहाँले बताउनुभयो ।

"सडकको काम समयमै सम्पन्न गर्नेतर्फ सरकारको ध्यान जानुपर्छ", उहाँले भन्नुभयो- "चाँडो काम सम्पन्न गर्ने व्यवस्था मिलाएर आवतजावत सहज बनाउनुपर्छ ।" थलिएको पर्यटन विस्तारै अघि बढे पनि मुग्लिन-पोखरा सडक खण्डका कारण समस्या भएको अध्यक्ष श्रेष्ठ बताउनुहुन्छ । सडक स्तरोन्नति र विस्तार आवतजावतलाई असर नगर्ने ढङ्गले गर्नुपर्ने उहाँको भनाइ छ । पोखरा-मुग्लिन सडक खण्डलाई आँबुखैरेनी र जामुने तथा जामुने-पोखरा गरी दुई खण्डमा विभाजन गरी काम अघि बढाइएको छ । आँबुखैरेनी-जामुने खण्डमा हालसम्म ३१ प्रतिशत र जामुने-पोखरा खण्डमा आठ प्रतिशतमात्र काम भएको छ । विदेशी तथा स्वदेशी पर्यटक घण्टौँ सडकमा बस्न बाध्य छन् । सडककै कारण बिरामी र अशक्त यात्रुलाई समस्या भएको अध्यक्ष श्रेष्ठले बताउनुभयो ।

सम्झौता अनुसार उक्त सडक खण्डको स्तरोन्नति अबको आठ महिनामा सम्पन्न गर्नुपर्ने छ । दुई वर्षमा आँबुखैरेनीबाट जामुनेसम्मको खण्डमा ३१ प्रतिशतमात्रै काम भएको छ । जामुनेदेखि पोखरासम्मको खण्डमा आठ प्रतिशत काम भएको छ । पृथ्वी राजमार्गको मुग्लिन-पोखरा सडक विस्तार योजनाअन्तर्गत मुख्य बजारमा घरटहरा भत्काउने तयारी छ । मुग्लिन-पोखरा सडक योजना (पूर्वी खण्ड)ले दमौली बजारमा घरटहरा भत्काउने तयारी गरेको हो । यसअघि मुख्य बजारभन्दा बाहेकका ठाउँमा घरटहरा हटाइएकामा अब मुख्य बजारमा काम थालिने योजना प्रमुख नरेन्द्र सुवेदीले जानकारी दिनुभयो । यस खण्डमा पाँच सय पाँच घरटहरा भत्काउनुपर्नेमा हालसम्म तीन सय ५० घरटहरा भत्काइसकिएको छ । घरटहरा भत्काउँदा रु २६ करोड मुआब्जा निर्धारण भएकामा हालसम्म रु १७ करोड ५० लाख मुआब्जा वितरण गरिएको उहाँले बताउनुभयो । पूर्वी खण्डअन्तर्गत तनहुँको आँबुखैरेनी खण्डमा सात किलोमिटर कालोपत्र गर्न थालिएको छ। झण्डै ४२ किमि यो खण्डमा तीन ठूला र चार साना पुल निर्माण गरिनेछन् । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ । यसको म्याद २०८१ वैशाखसम्म रहेको प्रमुख सुवेदीले बताउनुभयो । विसं २०२६ मा रेखाङ्कन भएको उक्त सडकमा सवारीसाधनको चाप बढ्दै गएपछि एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा चार लेनको बनाउन थालिएको हो । पूर्वी खण्डको ठेक्का रु छ अर्ब २१ करोड ३१ लाखमा तथा पश्चिम खण्डको ठेक्का रु सात अर्ब ४० करोड ४६ लाखमा गरिएको छ । पश्चिम खण्डअन्तर्गत जामुनदेखि पोखरासम्म २०७८ जेठ २ गते सम्झौता भई २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको हो । यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्सट्रक्सनले पाएको छ । यो खण्डको म्याद २०८१ भदौसम्म रहेको छ । चार लेनको बन्दा सडक सीमा दुईतर्फी २५/२५ मिटर हुनेछ । बाक्लो बस्ती भएका स्थानमा ४१ मिटर चौडाइको सडक बन्नेछ । डिजाइन अनुसार तनहुँको दमौली र डुम्रे बजारमा ४१ मिटरको सडक बन्नेछ । दुलेगौँडादेखि खैरेनीटार बजारसम्म, कोत्रे बजार क्षेत्र र कास्कीको गगनगौँडादेखि पोखरासम्म सडकको चौडाइ ४६ मिटरको हुनेछ ।

निर्माणधीन सडक खण्डको ढिलाइले समग्र अर्थतन्त्र मारमा पारेको नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष आनन्दराज मुल्मी बताउनुहुन्छ । काम सन्तोषजनक नदेखिएको उल्लेख गर्दै उहाँले यसप्रति सम्बन्धित निकायको ध्यान जानुपर्ने बताउनुभयो ।

मुग्लिन पोखरा सडकखण्डको कामको ढिलाइका कारण बन्दीपुरको पर्यटन व्यवसाय प्रभावित बन्न पुगेको क्षेत्रीय होटल सङ्घ बन्दीपुरका सभापति सङ्गीता प्रधानले बताउनुभयो । उहाँले भन्नुभयो, "चितवनबाट आउने पर्यटक मुग्लिनबाटै काठमाडौँ फर्किनुहुन्छ।बाटोकैकारणबन्दीपुरमा पर्यटकको आगमन घटेको छ । यहाँका व्यवसायी मारमा परेका छन् ।" धुलाम्य र हिलाम्य बाटोका कारण पर्यटक बन्दीपुर उक्लिन गाह्रो मान्ने गरेको अवस्था रहेको उल्लेख गर्दै प्रधानले पोखरा आएका पर्यटक सडकमार्ग भन्दा हवाईमार्गबाट काठमाडौँ जाने गरेका बताउनुभयो । उहाँले भन्नुभयो, "सडक राम्रो हुन्थ्यो भने बन्दीपुर आएर एकरात भए पनि पर्यटक बस्ने अवस्था थियो ।

बन्दीपुरको मुख्य व्यवसाय होटल पर्यटन भए पनि अहिले हामी मारमा छौँ ।" तनहुँ उद्योग वाणिज्य सङ्घका पूर्व उपाध्यक्ष बैकुण्ठनाथ मिश्र सडक धुलाम्य र जलाम्य हुँदा ज्यानै जान सक्ने खतरा रहेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "काम सुस्त छ, प्रदूषणले गर्दा ज्यानै जान सक्ने खतरा बढेको छ । यसतर्फ सम्बन्धित निकायले ध्यान दिएको पाइँदैन ।" मिश्रले राजमार्गकै कारण व्यापार व्यवसाय चौपट भएको गुनासो गर्नुभयो । तनहुँ उद्योग वाणिज्य सङ्घका प्रथम उपाध्यक्ष इमकुमार मल्लले एउटै सडकमा तीनथरी मापदण्डले सबैमा अन्योल रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सडक फराकिलो हुने कुरामा सबै खुसी छौँ, काममा ढिलाइ भइरहेको छ । तर मापदण्ड एउटै छैन । यसले अन्योलता बढायो ।"

तनहुँका सहायक प्रमुख जिल्ला अधिकारी काशीराम गैह्रेले सडकको काम तीव्र गतिमा गर्नका लागि आयोजनालाई ध्यानाकर्षण गराइएको बताउनुभयो । मुग्लिन पोखरा सडक आयोजना (पूर्वी खण्ड) का इन्जिनियर विष्णुप्रसाद पाण्डेले काम सन्तोषजनकरूपमा भइरहेको बताउनुभयो । उहाँका अनुसार हालसम्म ३२.५ प्रतिशत भौतिक प्रगति भएको छ । भदौदेखि कालोपत्रको काम सुरु गर्न निर्माण कम्पनीले सबै व्यवस्थापन गरिसकेको उहाँको भनाइ छ । उक्त खण्डमा १४ साना पुल सम्पन्न भइसकेका छन् । तीन वटा निर्माणको चरणमा छन् । बजार क्षेत्रमा छ तथा अन्यत्र चार लेनको सडक बनाउने योजना छ ।

जिल्लाका विभिन्न पालिका प्रमुखले आयोजनाको काममा सहजीकरण गर्दैआएको बताएका छन् । व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले कामको गति सुस्त हुनुमा ठेकेदारको कमजोरी रहेको बताउनुभयो ।

शुक्लागण्डकी नगरपालिकाका प्रमुख कृष्णराज पण्डितले सडकको कामको गति बढाउनुपर्ने बताउनुभयो । म्याग्दे गाउँपालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठले काममा ढिलाइ गर्नेलाई कारबाही र छिटो गर्नेलाई पुरस्कारको व्यवस्था गरिनुपर्ने बताउनुभयो । बन्दीपुर गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले सडक निर्माणको ढिलाइले प्रदेशको अर्थतन्त्रमा असर पुगेको र त्यसबाट बन्दीपुरको पर्यटन क्षेत्र पनि प्रभावित बन्न पुगको बताउनुभयो ।

# गण्डकी प्रदेशसभामा विषयगत समिति गठन

पोखरापत्र संवाददाता
पोखरा, ३० साउन

गण्डकी प्रदेशसभाको दास्रो कार्यकाल सुरु भएको सात महिनापछि 'मिनि ससंद्' मानिने विषयगत समिति गठन भएका छन् ।

प्रदेशसभा नियमावलीमा व्यवस्था भएअनुसार गठित चारवटै समितिमा मनोनीत सदस्यको नामावलीलाई मङ्गलबार बसेको प्रदेशसभा बैठकले अनुमोदन गरेको हो । प्रदेशसभा सचिवालयका अनुसार सार्वजनिक लेखा समितिमा प्रदेशसभा सदस्य कल्पना गिरी, कृष्णप्रसाद पाठक, खगराज अधिकारी, जीतबहादुर शेरचन, डा टकराज गुरुङ, टीकाकुमारी बस्याल, दमयन्ती रुचाल, दोर्णकुमार कुँवर, नन्दकला दमै नेपाली, निर्मला थापा, पञ्चराम गुरुङ, भीमबहादुर कार्की, सरस्वती गुरुङ, सुधीर कुमार पौडेल र हरिबहादुर चुमान रहनुभएको छ । सामाजिक विकास तथा कृषि समितिको सदस्यमा अशोककुमार श्रेष्ठ, दिलमाया पौवी, नम्डु गुरुङ, फणीन्द्र देवकोटा, विन्दुकुमार थापा, वेदबहादुर गुरुङ, भक्तबहादुर कुँवर, महेश भट्टराई, राजकुमारी भुजेल, राजीव गुरुङ, लिलबहादुर थापा मगर र श्यामराजा महत रहनुभएको छ । सो समितिको पदेन सदस्यमा कृषि तथा भूमि व्यवस्थामन्त्री महेन्द्रध्वज जिसी, ऊर्जा, जलस्रोत तथा खानेपानीमन्त्री सरस्वती अर्याल तिवारी र सामाजिक विकास तथा स्वास्थ्यमन्त्री सुशीला सिम्खडा रहनुभएको छ । प्रदेश मामिला तथा कानुन समितिमा कुसुम बुढा पुन, गोविन्दबहादुर नेपाली, चम्पादेवी खड्का, देवका पहाडी त्रिपाठी, नन्दप्रसाद न्यौपाने, विकल शेरचन, भेषबहादुर पौडेल, मित्रलाल बस्याल, मुनिन्द्रजङ्ग गुरुङ, यशोदा रिमाल, रेखा गुरुङ र रोशनबहादुर गाहा थापा रहनुभएको छ । प्रदेश मामिला तथा कानुन समितिको पदेन सदस्यमा मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे रहनुभएको छ ।

अर्थ तथा विकास समितिमा गणेशमान गुरुङ, डिल्लीराम सुवेदी, पद्मा जिसी श्रेष्ठ, पार्वती तामाङ, प्रकाश बराल, प्रकाशबहादुर केसी, भोजराज अर्याल, लक्ष्मणबहादुर पाण्डे, विमला गौचन, बिन्दु पौडेल, सीताकुमारी सुन्दास र हरिबहादुर भण्डारी रहनुभएको छ ।

उक्त समितिको पदेन सदस्यमा आर्थिक मामिलामन्त्री जीतप्रकाश आले, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापा र भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जाली रहनुभएको छ । समितिको सभापति सदस्यले निर्वाचनबाट चुन्ने प्रदेशसभा सचिवालयका प्रवक्ता प्रेम सुवेदीले बताउनुभयो । सभापतिको टुङ्गो नलाग्दासम्म ज्येष्ठ सदस्यले समितिको बैठकको अध्ययता गर्ने उहाँको भनाइ छ । प्रतिपक्षी दल नेकपा (एमाले)का प्रमुख सचेतक गोविन्द्रबहादुर नेपालीले दलहरुबीच कुन समितिको नेतृत्व कस्ले लिने भन्ने विषयमा सहमति जुट्न बाँकी रहेको बताउनुभयो ।

"सार्वजनिक लेखा समितिसहित दुई समितिको नेतृत्व हामीले पाउनुपर्ने माग छ, सत्तापक्ष र प्रतिपक्ष दलबीच छलफल भएर समितिको सभापति लिने विषयमा टुङ्गो लाग्छ", उहाँले भन्नुभयो ।

विषयगत समिति गठनमा ढिलाइ हुँदा सरकारले ल्याउने विधयक दोहोरो बहस र छलफलबिनै सोझै प्रदेशसभा बैठकबाट पारित हुँदै आएका थिए । प्रदेशसभा सदस्य नै कानुन निर्माणका अभ्यासमा भाग लिन पाएका थिएनन् । प्रदेशसभा सदस्यले समिति गठनको प्रक्रियालाई छिटो अगाडि बढाउन माग गर्दै आएका थिए ।

# पर्वतमा उद्योग तथा व्यवसाय खारेज बढ्यो

पोखरापत्र संवाददाता
पर्वत, ३० साउन

पर्वतमा सञ्चालित उद्योग तथा व्यवसाय खारेज हुने क्रम बढेको छ । पर्यटन तथा उद्योग कार्यालय पर्वतका अनुसार गत आर्थिक वर्ष २०७९/८० मा ९२ वटा उद्योग तथा व्यवसाय खारेज भएका छन् । जबकी अघिल्लो आवमा ११ वटा उद्योग र ६० व्यवसाय गरी ७१ वटा खारेज भएका थिए ।

कार्यालयका अनुसार अघिल्लो आवको तुलनामा गत आवमा दर्ता हुने उद्योग व्यवसायको सङ्ख्या पनि घटेको छ । अघिल्लो आवमा पाँच सय ४१ उद्योग तथा व्यवसाय दर्ता भएकोमा गत आवमा दुई सय ७४ वटा मात्रै उद्योग दर्ता भएका छन् । कार्यालयले गत आवमा उद्योग दर्ता तथा नवीकरणबाट रु २७ लाख ५० हजार दुई सय ८७ राजस्व सङ्कलन गरेको छ । जिल्लामा हाल सात हजार ९७ वटा उद्योग तथा वाणिज्य फार्म दर्ता छन् । तीमध्ये गत आवमा एक हजार एक सय ४१ नवीकरण भएको कार्यालय प्रमुख मुना अधिकारीले जानकारी दिनुभयो ।

# 'क्वार्ज क्रिष्टल' गोरखामै राख्न पहल गरिदिन प्रधानमन्त्रीसँग माग

रासस
गोरखा, ३० साउन

गोरखा नगरपालिकाले प्रहरीले बरामद गरी जिल्ला प्रहरी कार्यालय गोरखामा विशेष सुरक्षाका साथ राखिएको टल्कने ढुङ्गा 'क्वार्ज क्रिष्टल' गोरखा दरबार परिसरमा राख्ने व्यवस्था मिलाइदिन माग गर्दै आज प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई ज्ञापन पत्र बुझाएको छ ।

जिल्लाका जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि तथा विभिन्न सङ्घसंस्थाका प्रतिनिधिसहितको टोली प्रधानमन्त्री निवास बालुवाटार पुगेर नगरप्रमुख कृष्णबहादुर रानामगरले प्रधानमन्त्री दाहाललाई टल्कने ढुङ्गा गोरखा दरबारमा नै राख्नका लागि आवश्यक पहल गरिदिन माग गर्दै ज्ञापनपत्र बुझाउनुभएको नगरपालिकाकी उपप्रमुख मसलीमाया थोकरले जानकारी दिनुभयो । "गोरखा नगरपालिका-७, सतिपिपलस्थित चन्द्रबहादुर शाहीको घरबाट गत असार १४ गते बरामद गरिएको टल्कने ढुङ्गा 'क्वार्ज क्रिष्टल' भएको खानी तथा भूगर्भ विभागले पुष्टि गरिसकेको छ", ज्ञापनपत्रमा भनिएको छ, "शाही परिवारले पुर्खौंदेखि कुल देवताका रूपमा पूजा गर्दै आएको अलौकिक शिला गोरखा दरबारमा नै प्रतिस्थापन गर्नु उपयुक्त हुन्छ ।" प्रधानमन्त्री दाहाललाई बुझाइएको ज्ञापनपत्रमा गोरखा नगर कार्यपालिका बैठक तथा नगरपालिकासहित विभिन्न सङ्घसंस्था र सरोकारवालाको बैठक बसेर टल्कने ढुङ्गा जिल्ला बाहिर पठाउन नहुने र गोरखा दरबार परिसरमा नै आवश्यक सुरक्षासहित राख्ने निर्णय गरिसकेको उल्लेख गरिएको छ । गोरखा जिल्लाका आमनागरिक समाज, बुद्धिजीवी, सङ्घसंस्था, राजनैतिक दल तथा सरोकारवाला सबैको मागलाई मध्यनजर गरी जनभावनाअनुसार क्वार्ज क्रिष्टल (अलौकिक शिला) धार्मिक आस्थासँग पनि जोडिएको हुँदा गोरखकाली मन्दिर परिसरमा राख्नका लागि आवश्यक सहयोगका लागि प्रधानमन्त्रीलाई ज्ञापनपत्रमार्फत अनुरोध गरिएको उपप्रमुख थोकरले जानकारी दिनुभयो । ज्ञापनपत्र बुझ्नुहुँदै प्रधानमन्त्री दाहालले गोरखामा भेटिएको क्वार्ज क्रिष्टल गोरखामा नै राख्नका लागि आफ्नो तर्फबाट पहल गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभएको उहाँले बताउनुभयो । खानी तथा भूगर्भ विभागले बरामद गरिएको क्वार्ज क्रिष्टल खानी तथा भूगर्भ विभागमा पठाउन जिल्ला प्रशासन कार्यालयलाई सुझाव दिएपछि गोरखा नगरपालिकासहित जिल्लाभित्रका विभिन्न सङ्घसंस्थाले कुनै पनि हालतमा बाहिर पठाउन नहुनेमा जोड दिँदै आएका छन् ।

गोरखा नगपालिका गोरखाले बैठक नै बसेर प्रहरीले बरामद गरेको क्वार्ज क्रिष्टल गोरखा दरबार परिसरमा राख्ने निर्णय गरिसकेको छ । शाही परिवारले पनि आफ्नो धार्मिक आस्थाको रूपमा रहेको अलौकिक शिला 'क्वार्ज क्रिष्टल' लाई गोरखकाली मन्दिर परिसरभित्रै नै राख्नुपर्ने र आफूहरूले चाहेका बेला समयसमयमा पूजा गर्न पाउनुपर्ने इच्छा व्यक्त गर्दै आएको छ । गोरखावासीहरूले खानी तथा भूगर्भ विभागमा राखे पनि पनि क्वार्ज क्रिष्टल राज्य कै हुने र गोरखा दरबारमा राखे पनि पनि राज्यकै सम्पत्तिको हुने भएकाले अलौकिक शिला गोरखा दरबारमा राख्नुपर्ने भन्दै यसले जिल्लाको आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनलाई थप सहयोग पुग्ने बताउँदै आएका छन् ।

# मुगु जिप दुर्घटना चारको मृत्यु

रासस
काठमाडौं, ३० साउन

मुगु जिल्लाको शोरु गाउँपालिकामा भएको जिप (बोलेरो) दुर्घटनामा मृत्यु हुनेमा चारै जना हुम्लाका रहेका छन् । सोरुकोटबाट मुगु जाँदै गरेको ग१ज ७७६२ नम्बरको जिप सिपको पहिरा भन्ने ठाउँमा सोमबार साँझ दुर्घटनामा भएको थियो । मृत्यु हुनेमा चार जना हुम्लाकै भएको जिल्ला प्रहरी कार्यालय मुगुका प्रहरी नायब उपरीक्षक महेश बस्नेतले जानकारी दिनुभयो ।

उहाँका अनुसार सो जिपमा चालकसहित नौ जना सवार रहेका थिए । प्रनाउ बस्नेतले भन्नुभयो, "मृतकमा सर्केगाड गाउँपालिका-२ रिपका राम परियार, सिमकोट गाउँपालिका-२ का प्रकाश बोहरा, ठेगाना स्पष्ट नभएका राम परियार, पिउस परियार भएको शोरु प्रहरी चौकीले सनाखत गरेको छ ।" जिपमा सवार हुम्लाका पाँच जनामध्ये दुई जनाको घटनास्थलमै मृत्यु भएको हो भने दुई जनाको उपचारका क्रममा तारापानी आधार भूत स्वास्थ्यचौकीमा मृत्यु भएको छ । उक्त जिपमा चालकसहित नौ यात्रु रहेका बताइएको छ ।


## ऋण चुक्ता गर्न आउने बारेको ३५ दिने सूचना

**प्रथम पटक प्रकाशितमिति २०८०/०४/३१**

यस हिमाल बचततथा ऋण सहकारी संस्था लि.बाट तपसिलमा उल्लेखित तपाइँ ऋणी सदस्यले लिनु भएको ऋणको साँवा, व्याज तोकिएको म्याद भित्र चुक्तान गर्नु भएको र यस अघि पनि ऋण चुक्ता गर्नका लागि पटक-पटक मौखिक तथा लिखित रुपमा अनुरोध गर्दा र ३५ दिने सार्वजनिक सुचना टाँसगर्दा पनी ऋणको सावाँ, व्याज,हर्जना दस्तुर आदिचुक्ता, भुक्तानी नगरी ऋणको शर्त कबुलियको नियम उल्लङ्घन गर्नु भएकोले तपशिलको उल्लेखित तपाइँ ऋणीको नाममा बक्यौता रहेको ऋण चुक्ता, भुक्तानी गर्न यो ऋण चुक्ता गर्न आउने ३५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले पैतिस (३५) दिनभित्र यस संस्थामा सम्पर्क राखी सम्पूर्ण ऋणको साँवा, व्याज, हर्जना चुक्ता गर्नुहुन अनुरोध गरिन्छ। उल्लेखित म्यादभित्र सम्पूर्ण ऋणको साँवा, व्याज, हर्जना आदि चुक्ता नगरेमा तपाइँ ऋणीले ऋण लिंदा उपलब्ध गराएको उल्लेखित धितो सहकारी ऐन २०७४ को दफा७९ को उपदफा १, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण नीति बमोजिम लिलाम गर्ने, जमानी दिनेको बचत तथा शेयरबाट असुल उपर गरिलिने र व्याक्तिगत धनजवानी, लिखतका शर्त कबुल अनुसार आफ्नो जिम्मेवारी दायित्वमा पर्न जाने हुँदा कर्जासँग सम्बद्ध सवै पक्षहरुलाई यस सूचना मार्फत जानकारी गराइन्छ। सहकारी ऐनको दफा ८० बमोजिम कालो सूचिमा समावेश गर्ने,सम्बद्ध ऐन, अन्य कानुनी प्रकृया अगाडी बढाइने कुरा यसै सुचनामार्फत जानकारी गराइन्छ। साथै व्याक्तिगत धन जमानीकर्ता, धितो मञ्जुरीनामा दिने जग्गा धनी तथा अन्य सरोकारवालाहरुलाई समेत यसै सूचना बमोजिम जानकारीका लागि अनुरोध छ। कानुनीप्रकृया द्धारा असुलउपर गर्दा तर्पाइको प्रतिष्ठामा आँच आएमा संस्था जवाफदेही हुने छैन।

| क्र.सं. | ऋणीको विवरण | ठेगाना | विवरण |
|---|---|---|---|
| १. | कर्जा शिर्षक : ब्यापार<br>नामः मनकुमारी वि.क.<br>ना.प्र.नं.४२३०४५/७७<br>जिल्ला स्याङ्जा,<br>जारी मितिः २०६३/१०/२३<br>पतिको नाम :<br>मित्रलाल वि.क.<br>ससुराको नाम : जागेश्वर | प्रदेश : गण्डकी<br>जिल्ला : स्याङ्जा<br>वालिङ-१२ साविक<br>सिर्सेकोट-१ | धन जमानीको विवरण :<br>नाम : मित्रलाल वि.क.<br>ना.प्र.नं. १७८६६<br>जिल्ला स्याङ्जा<br>जारी मिति २०५१/०१/३०<br>बाबुको नाम : जागेश्वर वि.क.<br>बाजेको नाम : बलिराम वि.क. |

**हिमाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
वालिङ न.पा.-१३, झलुङ्गेबजार, स्याङ्जा
सम्पर्क नं.: ९८४६९१८६०२